भाग ४

श्री ५ को सरकार

रक्षा मन्त्रालयको सूचना

श्री ५ को सरकारले शाही नेपाली सेनाको पाल्पा ब्यारेकले साविकदेखि अभ्यास तथा चाँदमारी कार्यका लागि प्रयोग गर्दै आएको पाल्पा जिल्लाको देहाय बमोजिमका गाउँ विकास समिति, वडा नं., चार किल्ला र क्षेत्रफलको इलाकामा अभ्यास तथा चाँदमारी कार्य सञ्चालय गर्दा स्थानीय जनताको सुरक्षाको लागि कम्तिमा ७ (सात) दिन अगाडि स्थानीय प्रशासन तथा सम्बन्धित गाउँ विकास समितिलाई सूचना गरी कार्य सञ्चालन गर्ने र अभ्यास तथा चाँदमारी कार्य नभएको समयमा साविकमा जस्तै स्थानीय जनताले उपभोग गर्न पाउने गरी उक्त क्षेत्रलाई अभ्यास तथा चाँदमारी क्षेत्र घोषणा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

(क)

सि. नं.	स्थान र विवरण	अञ्चल	जिल्ला	गा.वि.स. वडा नं.	अभ्यास क्षेत्रको ४ किल्ला				क्षेत्रफल
					पूर्व	पश्चिम	उत्तर	दक्षिण	
१.	पाल्पा ब्यारेक	लुम्बिनी	पाल्पा	वन्दिपोखरा, गा. वि.स. वडा नं. ५ र ६ (हाल तानसेन न.पा. वडा नं.१३)	जंगल, कि. नं. ५०५, २६१, ५२० को आवादी जग्गा	वडा नं. ८ को सीमाना र जंगल	जंगल	सडक	यति ४ किल्ला भित्रको अन्दाजी ३३५ रोपनी १४ आना वन जंगल इलाका

आज्ञाले,
ताना गौतम
श्री ५ को सरकारको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।